# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४९) काठमाडौं, मंसीर २० गते २०५६ साल (संख्या ३३


## भाग ३

### श्री ५ को सरकार

### स्थानीय विकास मन्त्रालयको सूचना

श्री ५ को सरकारले जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा ४ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको दफा ४ को उपदफा (१) को खण्ड (क) बमोजिम जन्म तथा मृत्युको सूचना दिनुपर्ने कर्तव्य भएका व्यक्ति नहुने व्यक्तिको हकमा त्यस्तो सूचना दिने व्यक्तिको रुपमा देहायको व्यक्तिलाई तोकेको छः–

१. गाउँ विकास समितिको क्षेत्रभित्रको व्यक्तिको हकमा सम्बन्धित वडासदस्यको सिफारिशको आधारमा सम्बन्धित गाउँ विकास समितिको अध्यक्ष वा उपाध्यक्ष ।

२. नगरपालिकाको क्षेत्रभित्रको व्यक्तिको हकमा सम्बन्धित वडासदस्यको सिफारिशको आधारमा सम्बन्धित नगरपालिकाका प्रमुख वा उपप्रमुख ।

आज्ञाले,
उदयराज सोती
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

263

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले नेपाल विविध सेवा (गठन, श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५० को नियम १० ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीको अनुसूची-२ को खण्ड (ख) को क्र. सं. ३ को प्रयोजनको लागि देहायका पद र श्रेणीको निमित्त देहाय बमोजिम न्यूनतम शैक्षिक योग्यता तोकेको छः–

| पद र श्रेणी | न्यूनतम शैक्षिक योग्ता |
|---|---|
| कम्प्यूटर टेक्निसियन रा. प. अनं. प्रथम | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्यूटर इन्जिनियरिङ्ग वा इलेक्ट्रोनिक इन्जिनियरिङ्गमा प्रमाणपत्र तह उत्तीर्ण वा मेकानिकल इन्जिनियरिङ्गमा प्रमाणपत्र तह उत्तीर्ण गरी मान्यता प्राप्त संस्थाबाट कम्प्यूटर मर्मतसम्बन्धी कम्तीमा ६ महिनाको तालीम प्राप्त<br>वा<br>प्रमाणपत्र तह उत्तीर्ण गरी मान्यता प्राप्त संस्थाबाट कम्प्यूटर मर्मतसम्बन्धी कम्तीमा १ वर्षको तालीम प्राप्त । |

### सूचना २

श्री ५ को सरकारले नेपाल विविध सेवा (गठन, श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५० को नियम १० ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीको अनुसूची २ को खण्ड (ख) को क्र. सं. ३ को प्रयोजनको लागि निम्न श्रेणी तथा पदका निमित्त चाहिने न्यूनतम शैक्षिक योग्यता तोकेको खण्ड ४६, संख्या २०, मिति २०५३ साल भाद्र १० गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना ३ को क्रमसंख्या ७ र क्रमसंख्या ९ को सट्टा देहाय बमोजिमको क्रमसंख्या ७ र ९ राखिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

2608

"७. कम्प्यूटर अपरेटर वा सो सरह (रा.प. अनं. प्रथम) — प्रमाणपत्र तह उत्तीर्ण गरी Dos, windows operating system, Basics of Database मा कम्तीमा एक महिनाको तालिम, Ms Word मा कम्तीमा एक महिनाको तालीम र Ms Excel मा कम्तीमा एक महिनाको तालीम प्राप्त ।

८. सहायक कम्प्यूटर अपरेटर वा सो सरह (रा. प. अनं. द्वितीय) — एस. एल. सी उत्तीर्ण गरी Dos, Windows operating system को ज्ञान हासिल गरी Ms Word मा कम्तीमा एक महिना र Ms excel मा कम्तीमा एक महिनाको तालीम प्राप्त ।"

आज्ञाले,
रामानन्द मिश्र
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले सामयिक कर असुल ऐन, २०१२ बमोजिम जारी भएको खण्ड ४९ अतिरिक्ताङ्क १५ (घ), २०५६ साल असार २७ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी धरान नगरपालिका वडा नं. ७क कि. नं. १६८५ क्षेत्रफल ०–१–० (एक कठ्ठा) जग्गा निःसहाय परिषद् धरानले खरिद गर्दा प्रचलित कानूनबमोजिम लाग्ने रजिष्ट्रेशन दस्तुर पूर्ण रूपमा छूट दिने निर्णय गरकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६८

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालयको सूचना

श्री ५ को सरकारले निर्वाचन (अपराध र सजाय) ऐन, २०४७ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी झापा जिल्ला निर्वाचन क्षेत्र नं. ६, मोरङ जिल्ला निर्वाचन क्षेत्र नं. १ र रौतहट जिल्ला निर्वाचन क्षेत्र नं. ४ मा सम्वत् २०५६ मंसीर २३ गते हुने प्रतिनिधि सभा सदस्यको उप निर्वाचनको सम्बन्धमा निर्वाचन आयोगको सिफारिश अनुरूप सोही ऐन अन्तर्गतका मुद्दामा कारबाही र किनारा गर्न झापा जिल्ला निर्वाचन क्षेत्र नं. ६ र मोरङ जिल्ला निर्वाचन क्षेत्र नं. १ को हकमा खण्ड ४९, अतिरिक्ताङ्क ५, मिति २०५६ साल वैशाख २० गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना १ अनुसार गठित निर्वाचन अदालतहरू क्रमशः निर्वाचन अदालत इलाम र निर्वाचन अदालत विराटनगरलाई तोकेको छ र रौतहट जिल्ला निर्वाचन क्षेत्र नं. ४ को हकमा उक्त निर्वाचन क्षेत्रको जिल्लासँग सम्बन्धित पुनरावेदन अदालतको वरिष्ठतम न्यायाधीश भएको निर्वाचन अदालत गठन गरेको छ। ती अदालतहरूको म्याद सबभन्दा पछिल्लो उजुरी दर्ता भएको मितिले १ (एक) वर्षको हुनेछ। साथै श्री ५ को सरकारले निर्वाचन (अपराध र सजाय) ऐन, २०४७ को दफा २२ को उपदफा (२) को प्रयोजनको लागि उपयुक्त अदालत-हरूले गरेको निर्णय उपर पुनरावेदन सुन्न उल्लिखित राजपत्रको सूचना २ मा तोकिए बमोजिमको अदालतलाई तोकेको छ।

आज्ञाले,

उदयनेपाली श्रेष्ठ

**श्री ५ को सरकारको नि. सचिव**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६९०